# २
# बाइबल, परमेश्वरको वचन

बाइबलले परमेश्वरको प्रेरणाप्राप्त भन्ने दावा गरेको छ (२ तिमोथी ३:१६, १७) । ग्रीकबाट अनुवाद गरिएको “परमेश्वरको प्रेरणाप्राप्त” वाक्यांशको शाब्दिक अर्थ “परमेश्वरले बोल्नुभएको” भन्ने हुन्छ । महान धर्मनिरपेक्ष लेखकहरुले विविध प्रकारका उत्प्रेरक - सिध्दान्तहरु साथसाथै घटनाहरुबाट “प्रेरणा पाएका” हुन्छन् - तर बाइबलले दृढतापूर्वक परमेश्वर स्वयम् यसको प्रेरणाको श्रोत हुनुहुन्छ भनी घोषणा गर्दछ । पत्रुस, एकजना प्रेरित तथा नयाँ नियमका धेरै पुस्तकहरुका लेखकले बाइबलिय भविष्यवाणीहरु कुनै “मानिसको इच्छाबाट आएन, तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फबाट बोलेका हुन्” (२ पत्रुस १:२१) भनी लेखेका छन् ।

यो पाठको उद्देश्य तपाईलाई प्रेरणा प्राप्त पुस्तकसँग परिचित गराउनु हो । यहाँ बाइबलका केही इश्वरीय उद्गमका प्रमाणहरु संलग्न गरिने छन्, तर यस अध्यायको प्राथमिक लक्ष्य भनेको यस अद्भुत ग्रन्थ प्रति चाख जगाउँदै - तपाईले यसलाई स्वयम् पढ्न उत्साहित गर्नु हो । जब तपाईले बाइबल पढ्नुहुन्छ र यसको नियमहरु पछ्याउनु हुन्छ (याकूब १:२१-२५), तपाईले बुझ्न थाल्नुहुन्छ किन यो विलक्षण पुस्तकले युग-युग देखिका मानिसहरुमा त्यस्तो प्रभाव पारिरहेको छ ।

एकजना लेखकले “अद्भुत बचनका सात आश्चर्यहरु” भनेको कुरा यस अध्यायले प्रकट गरेको छ, ती आश्चर्यहरु हुन् यसका प्राचीनता, आधुनिकता, विविधता, एकता, विषयवस्तु, प्रभाव र सान्त्वना । बाइबलका अरु अद्भुतता पनि उल्लेख गर्न सकिन्छ, जस्तै यसको ऐतिहासिक र भौगोलिक अकाट्यता र यसको निश्पक्षता, तर यी सातले नै हामीलाई भजनसंग्रहको पुस्तकका एकजना लेखक सँगै यस घोषणा गर्न लगाउन यथेष्ट छन्, “तपाईका कानुनहरु आश्चर्यपूर्ण छन्” (भजनसंग्रह ११०:१२९ ‘क’) ।

## यसको प्राचीनता

बाइबल सारा संसारमा भएकोहरुमध्ये एक अति प्राचीन पुस्तक हो । सामान्यतया पुस्तकलाई धेरै प्राचीन हुने मौका मिल्दैन । तिनीहरु एकदमै कमजोर हुन्छन् । आगोले तिनीहरुलाई नष्ट गर्छ र पानीले तिनीहरुलाई गलाउँछ । किराहरुले तिनीहरुलाई खान्छन् र वास्ता नगर्ने ओलाहरुले तिनीहरुलाई च्यात्छन् ।

बाइबल, यसको पूर्ण स्वरुपमा करिब दुई हजार वर्ष पुरानो छ । यसका केही भागहरु पूर्णरुपमा त्यसभन्दा दोब्बर पुराना छन् । संसारमा भएका अरु कुनै पनि पुस्तकलाई यससँग तुलना गर्न सकिँदैन । बाइबलको आयुले यसको मजबूती र नाश हुन नसक्ने क्षमता प्रकट गर्दछ ।

पुरानो नियममा भएका अति नै प्राचीन लेखहरुमा उत्पत्ति, प्रस्थान, लेवीहरु, गन्ती र व्यवस्था हुन् । ती मोशाद्वारा लेखिएका थिए र यसमा मानिसको उत्पत्तिको लेख र समयको सुरुवात भएको अभिलेख गरिएका दिनहरु समावेश छन् । यी लेखहरु आजको मानिसको साथमा भएका सबैभन्दा पुरानो पूर्ण हस्तलिखित ग्रन्थहरुबाट आएका हुन् भनी सुरक्षित तवरले भन्न सकिन्छ ।

बाइबललाई मानिसहरुले बारम्बार र निरन्तर नाश गर्ने प्रयास गर्दा-गर्दै पनि यो यस पौराणिक उमेरमा पुगेको छ । पटक-पटक संसारलाई थाहाभएका धेरै शक्तिशाली शासकहरुले यो पुस्तकलाई निर्मूल पार्न खोजे । मानिसहरु यसलाई पढेकोमा फाँसीमा चढाइए र यसलाई राखेकोमा दाउराको थुप्रामा राखी जलाइए । यसका पानाहरु पढेकोमा यातना पनि अति नै दुष्ट बनेर मानिसहरु

माथि आईलागेको थियो भन्ने वर्णन गरिएको छ - तापनि अहिलेसम्म लेखिएको कुनै पनि पुस्ताको समयको प्रति भन्दा यस पृथ्वीमा आज धेरै बाइबल छन् ।

तेस्रो शताब्दीको अन्त्यमा, रोमी सम्राट डायोक्लेसियनले बाइबलको प्रति राख्ने व्यक्तिलाई मृत्युदण्ड दिने घोषणा गऱ्यो । उसले त्यस्तो कैदीको परिवारलाई पनि उसको अनाज्ञाकारिताको जानकारी नदिएकोमा मृत्युदण्ड दिन्थ्यो । यसरी शक्तिशाली रोमले निर्दयताकासाथ त्यो लेख जसले त्यसको हिंस्रक जीवन र निरंकुश शासनलाई दोष लगाएको थियो हटाउने निधो गऱ्यो । त्यसको दुई वर्ष पछि डायोक्लेसियनले "मैले खीष्टियान लेखहरु यस पृथ्वीबाट पूर्ण रुपमा समूल नाश गरें" भनी सेखी गऱ्यो ।

एक शताब्दी पछि, अर्को रोमी सम्राट, कन्सट्यान्टिन, खीष्टियानीटीबाट प्रभावित भयो र उसको साम्राज्यमा भएका प्रत्येक मण्डलीहरुको निम्ति नयाँ नियमको प्रतिलिपी बनाउने चाहना गऱ्यो । उसले कुनै पनि व्यक्ति जसले परमेश्वरको वचन भेट्टाउँदछन् र उसको अधिकारीलाई दिन्छन् उनलाई धेरै इनाम दिने घोषणा गऱ्यो । चौबीस घण्टा भित्रै, डायोक्लेसियनले ती सबैलाई पूर्णरुपमा विनाश गरे भनी सोचको वास्तविकता हुँदाहुँदै धर्मशास्त्रका पचास प्रतिहरु सम्राटकहाँ पुऱ्याईयो ।

यद्यपि बिग्रने वस्तुहरुमा चाँडै मेटिनसक्ने मसीले लेखिएको हुँदाहुँदै समयको मार, प्राकृतिक शक्तिहरु र मानिसहरुको विनाशकारी षडयन्त्रसँग प्रतिरोध गर्दै बाइबल हाम्रो हालको शताब्दीसम्म बाँच्न सकेको छ । परमेश्वरको प्रबन्धले मात्र यसको लामो र विस्मयकारी इतिहास सम्भव बनाएको हो ।

## यसको आधुनिकता

जति यो प्राचिन छ त्यति नै बाइबल धेरै पक्षहरुमा एक आधुनिक पुस्तक पनि हो । हामीले पुराना पुस्तकहरु तिनीहरुले दिने शिक्षाहरुमा आधुनिक होस् भन्ने अपेक्षा गर्न सक्दैनौं । दश वर्ष अघिको विज्ञानको पाठ्यपुस्तक पुरानो भै सक्दछ । एक शताब्दी पुरानो त अनौठो हुन्छ । साल्मोन् इन्ब्रायोलोजी नामक, सन् १७०० मा छापिएको पुस्तकमा दिइएको चिकित्सा सूचनाले एक आधुनिक चिकित्सकलाई खित्का छोडेर हाँस्ने अवस्थामा पुऱ्याउँछ । सन् १६०० को फार्माकोपिया लोन्डेसिस (Pharmacopia Londesis) त अझ बढि हास्यास्पद देखिन्छ, यदि आज एक चिकित्सकलाई ती प्रख्यात लेखहरु अनुसार औषधि उपचार गर्नु पर्दथ्यो भने, औषधि उपचारलाई नियमन गर्नेहरुले उनलाई कैदमा हाल्थे ।

केही वर्षसम्मको अन्तरालले पनि फरक पार्नसक्छ भन्ने कुरा प्रकाश पार्न, यहाँ वनस्पतिशास्त्रको एक पाठ्यपुस्तकको कथन दिइएको छ, यो करिब १५० वर्ष पुरानो हो:

> इटलीमा त्यहाँ एउटा जडीबूटी उम्रन्छ ... जसको दुर्लभ सुगन्ध भएको निक्खुर सेतो फूल हुन्छ, तापनि त्यसको अनौठो गुण हुन्छः ती फूलहरुलाई, ओसिलो ढुंगाहरुको तल राखी छोडी दिने हो भने, दश दिन भित्रमा तिनीहरुले आफूलाई विषालु बिच्छीहरुमा परिवर्तन गर्दछन्, जसको टोकाइले मृत्यु हुन्छ ।

तपाई भन्न सक्नुहुन्छ, "ठीकै छ, जे भए तापनि, हामीले गत डेढ शताब्दीमा धेरै कुरा सिकेका छौं । तपाईले पुरानो पुस्तक आधुनिक हुने आशा गर्न सक्नु हुन्न ।" कुरा त्यही हो, उदाहरणको निम्ति, मोशाले ३,५०० वर्ष अघि लेखेका थिए, तापनि तपाईले उनका लेखहरु आधुनिक विज्ञान र ज्ञानसँग बाझिएको पाउनु हुँदैन । सम्पूर्ण पुस्तकहरु "बाइबलको वैज्ञानिक पूर्वज्ञानमा" लेखिएका छन्, जसले खगोलशास्त्र र ब्रम्हाण्डशास्त्रको तथ्यहरुमा जोड दिन्छन् र बाइबलका पानाहरुमा अरु वैज्ञानिक क्षेत्र पनि पाउन सकिन्छ । ती तथ्यहरुमा यी कुराहरु संलग्न छन् :

पृथ्वी गोला छ (यशैया ४०:२२, हितोपदेश ८:२७) ।
पृथ्वी अन्तरिक्षमा झुण्डिएको छ (अयूब २६:७) ।

अन्तरिक्ष नाप्नै नसकिने गरी अति नै ठूलो छ अथवा
ताराहरु अनगिन्ती छन् (उत्पत्ति १५:५, यर्मिया ३३:२२) ।
समुद्र भित्र त्यसको प्राकृतिक मार्ग छ (जसलाई पानी जहाज चलाउन
आजसम्म प्रयोग गरिन्छ) (भजनसंग्रह ८:८) ।

यी ग्रन्थहरुले बाइबल एउटा वैज्ञानिक विशेषताहरु अनुमोदन गर्ने पुस्तक हो भन्दैनन् । त्यसको साटो, उनीहरुले केमा जोड दिन्छन् भने, जब बाइबलका लेखकहरुले विज्ञान सम्बन्धी विषयवस्तुलाई छोएका थिए, उनीहरुको समयका अरु लेखकहरु जस्तो, तिनीहरुले वैज्ञानिक तथ्यहरुसँग बाझिने कुरा लेखेको थिएनन् ।

बाइबलको सर्वकालिन विशेषताहरुमध्ये केही आकर्षक उदाहरणहरु चिकित्साविज्ञानको क्षेत्रसँग सम्बन्धित छन् । त्यस संसारमा लेखिएको जसलाई आधुनिक आरोग्य र स्वास्थ्य बारेमा केही थाहा थिएन, मोशालाई दिइएको व्यवस्था पुरानो नियममा सरसफाई, आरोग्यविद्या, अलग गरी निगरानी गर्ने र रोगहरु प्रतिरोध गर्दा अपनाइनु पर्ने अरु विधिहरु बारेको निर्देशनहरु भरिएका छन् ।

उदाहरणको निम्ति चिरफारहरु गर्दा शल्यचिकित्सकले नाक र मुख छोप्ने कपडा लगाउनु एक मानक प्रकृया हो । त्यसका साथै एक व्यक्ति कुनै अर्को विशेषगरी रोगले प्रभाव पार्न सक्ने व्यक्तिको कोठामा जाँदा उनले नाक-मुख छोप्ने कपडा लगाउँछन् । किन ? किनभने उनी किटाणुहरु फैलिएको चाहँदैनन् । वैज्ञानिकहरुले किटाणुहरु पत्ता लगाइनु तीन हजार वर्ष अघि नै परमेश्वरले मोशालाई यी आज्ञाहरु दिनुभएको थियो, "सरुवा रोग भएको मानिसले ..... त्यसले आफ्नो मुखको उपल्लो भाग ढाकेर 'अशुध्द, अशुध्द' भनेर कराओस्" (लेवी १३:४५) ।

अर्को चिकित्सासम्बन्धी उत्कृष्टता रक्त संचारको बारेमा छ । धेरै वर्ष अघि, मानिसहरुको "रगत बग्न दिनु" लाई राम्रो चिकित्सकिय अभ्यास ठानिन्थ्यो, यथार्थमा धेरैजना त्यसरी रगत बगेर मेरका थिए । तर आज रगत शरीरको प्राणनदी हो भनी थाहाभएको छ । अब मोशाको उत्पत्ति ९:४ को भनाईतर्फ जाऔं: "तर मासु त्यसको प्राण दिने रगत समेत नखाओ" (मेरोमा जोड दिनुहोस्) । अर्को शब्दमा, मोशाले भनेका छन्, "शरीरको प्राण रगतमा हुन्छ" (लेवी १७:११-१४ पनि हेर्नुहोस्) ।

बाइबलको चिकित्सकीय यथार्थता प्रति पुस्तकहरु समर्पित गरिएका छन् । यिनीहरुले चिकित्सा अभ्यासको बृहत् क्षेत्रलाई समेटेका छन् । त्यसको केही उदाहरण यसप्रकार छन् :

पुरुष र स्त्री दुवैमा जीवनको "वीउ" हुन्छ (उत्पत्ति ३:१५, २२:१८) ।
रोग लागेको सम्भावना भएका मानिसहरु अथवा पशुहरुको सम्पर्कमा
आएपछि तपाई र तपाईको कपडालाई शुध्द पार्नु (धुनु) बुध्दिमानी हुन्छ (गन्ती १९:५-२२) ।
आफै मरेको पशुको मासु खानु खतरापूर्ण हुन्छ (लेवी १७:१५) ।

के यो उदेक लाग्दो छैन ? हामीसँग भएको सबैभन्दा पुरानो पुस्तकमा एक्काइसौं शताब्दीका जस्तै औषधि विज्ञानका आधुनिक अवधारणाहरु छन् ।

बाइबलको आधुनिकतालाई यसका सबै विविध विषयहरु सँगै व्याख्या गर्न सकिन्छ । के कसैले यो विश्व यस पुस्तकको नैतिक स्तरहरु बाहिर गएर परिपक्व भएको हो भनी भन्न सक्दछ ? के हामीले कुनै यस्तो उच्चज्ञान पाएका छौं जसले यसको नीतिवचनलाई पछाडी छोडेको छ ? छैन । आधुनिक मानिसले बाइबलको बुध्दिमत्तालाई पछाडी पार्न सुरुगरेको पनि छैन, यदि यो विश्व अर्को हजार वर्षसम्म निरन्तर अस्तित्वमा रह्यो भने पनि परमेश्वरको वचन एकतीसौं शताब्दीमा पनि त्यत्तिकै समयानुकुल रहने छ जस्तो यो अहिले एक्काइसौंमा छ ।

## यसको विविधता

हामीले अहिलेसम्म भनेका सबै कुराहरु यदि बाइबल एउटै विषयवस्तु समेटेको एउटै मात्र पुस्तक हुन्थ्यो भने यथेष्टरुपमा उदेकलाग्दो हुन्थ्यो । तर अवस्था त्यस्तो छैन ।

बाइबल यस संसारमा भएको मध्ये एक अति नै विविधता भएको पुस्तक हो । पहिले त, यसमा वास्तवमा दुई खण्डहरु छन् - पुरानो र नयाँ करार - एक आपसमा करिब चार अथवा पाँच शताब्दी फरक, दोश्रो यी प्रत्येक खण्डहरु अझ अगाडि गएर विभिन्न पुस्तकहरुमा विभाजित छन् - पुरानो करारमा उनन्चालीस र नयाँ करारमा सत्ताइस, दुवै मिलेर जम्मा छैसट्ठी हुन्छन् । तेश्रो यी छैसट्ठी पुस्तकहरु चालीस भन्दा बढी विभिन्न लेखकहरुले लेखेका थिए । चौथो, यी चालीस भन्दा बढी मानिसहरुले करिब दुई हजार वर्षको समयावधीमा जीवन बिताएका थिए । अन्त्यमा, यी लेखकले साहित्यलाई थाहाभएको हरेक साथै थप एक विषयमा लेखेका थिए । त्यो “थप एक” यस्तो विषय हो जो कुनै अरु पुस्तकमा समेटिएको छैन : साँचो भविष्यवाणी । यो परमेश्वरको एकमात्र अधिकार हो । बाइबलमा भएका सयौं भविष्यवाणीका बयानहरु सम्पूर्ण रुपले ठीकसँग पूरा भएका थिए । यहाँ स्थान अभावले हामीलाई केही उदाहरणहरु मात्र प्रस्तुत गर्ने अनुमति दिन्छ :

> राज्यहरुबारेको भविष्यवाणीहरुः राज्यहरु उदय, अवनति र पतनबारेका असंख्य भविष्याणीहरु गरिएका छन् । उदाहरणको निम्ति, इस्राएलको इतिहासलाई व्यवस्था २८:४७-६८ मा स्पष्ट रुपमा चित्रण गरिएको छ । अश्शुर साथै (हेर्नुहोस् यशैया १०:१२, २४, २५, २ राजा १७:२४, १८:१३) बेबिलोन (हेर्नुहोस् यशैया १३; दानिएल ५:२८) र अरु धेरै राज्यहरुको बारेमा पनि भविष्यवाणीहरु गरिएका छन् ।
>
> मानिसहरु बारेको भविष्यवाणीहरुः योशियाह राजाको बारेमा उ जन्मनुभन्दा तीनसय वर्ष अघि भविष्यवाणी गरिएको थियो (१ राजा १३:२, २ राजा २३:१५, १६), त्यसैगरी पर्सियाको साइरसको राज्यको बारेमा गरिएको थियो (हेर्नुहोस् यशैया ४४:२८, ४५:१) । त्यस्तै सनहेरीबले यरुशलेमलाई कब्जा गर्न नसकेको आश्चर्यजनक कथा पनि उल्लेख गर्न योग्यको छ (हेर्नुहोस् २ राजा १९:३२-३५) ।
>
> खीष्ट बारेको भविष्यवाणीहरुः पुरानो करारमा भएका करिब आठसय भविष्यवाणीहरु मध्ये, तीनसय भन्दा बढि येशू खीष्टको व्यक्तित्वमा केन्द्रित छन् । यस पुस्तकको चौथो खण्डले यी मध्ये धेरै भविष्यवाणीहरु र तिनीहरु पूरा हुन आएको कुरा सूचीकृत गरेको छ ।

बाइबलको विविधताले यो परमेश्वरबाट आएको हो भन्ने प्रमाणित गर्दछ । यो विशेष गरी सत्य छ किनभने हामी यो विविधतामा एकता पनि भेट्टाउँदछौं । यो पुस्तकहरुको पुस्तकमा मानवीय जीवन र आत्मियताको कुनै भागलाई बेवास्ता गरिएको छैन । मानवीय अस्तित्वका सबै पक्षहरुलाई सिध्दान्तमा र इश्वरीय अगुवाईमा यसले छोएको छ ।

## यसको एकता

यदि बाइबल एउटै लेखकले लेखेको, एउटा पुस्तक हुन्थ्यो भने, हामीले स्वतः यसका सबै भागहरुमा सामञ्जस्यताको आसा गर्न सक्थ्यौं । यदि यो चालिस भन्दाबढि मानिसहरुले एउटै विषयमा लेखेको एक पुस्तक हुन्थ्यो भने पनि पूर्ण मतैक्यता हुने सम्भावना एकदमै झिनो हुन्थ्यो । त्यसैकारण, चालिस भन्दाबढि मानिसहरुले त्यति धेरै विभिन्न विषयहरुमा छैसट्ठी वटा पुस्तक लेखे र पनि उनीहरुको शब्दहरुमा मतैक्यता छ भन्ने दावाले हाम्रो मनलाई आश्चर्यचकित पार्दछ । कसैले भन्न सक्छन्, “उनीहरु त्यस्तो विलक्षण कार्य सम्पन्न गर्न, अवश्य नै धेरै नजिक रहेर र सावधानीपूर्वक मिलेर काम गरेका थिए होलान् ।” इतिहासले प्रमाणित गर्दछ उनीहरुले त्यसो गरेका थिएनन् । धेरै जसो यी

मानिसहरुले एकले-अर्कालाई कहिल्यै देखेका थिएनन् । शताब्दीहरुले उनीहरुलाई अलग गरेको थियो र उनीहरुसँग लेखहरु संशोधन गर्ने उपाय र मौका पनि थिएन । यो एकरुपतालाई अर्को तरिकाले पनि व्याख्या गर्नुपर्ने हुन्छ ।

यो तथ्यलाई इन्कार गर्न सकिँदैन : धर्मशास्त्रहरुका सम्पूर्ण भागहरु र लेखकहरु बिचमा पूर्ण एकता विद्यमान छ । मानिसहरुले लेखहरुमा एउटै मात्र विपरित कुरा भेट्टाउने प्रयास गरे तर असफल भए । बाइबलसम्पूर्ण रुपमा एकरुपता भएको, एउटा पुस्तक हो ।

उदाहरणको निम्ति, यसको दुई मुख्य भागहरु: पुरानो करार र नयाँ करारलाई विचार गर्नुहोस् । ती दुई अलग कराहरु (अथवा सम्झौताहरु) हुन् दुई फरक मानिसहरुको समूहहरुलाई दिइएको तापनि तिनीहरु एक आपसमा सुन्दर रुपले बाँधिएका छन् । कसैले भनेका छन्, "पुरानो करारमा नयाँ करार लुकेको छ र नयाँ करारले पुरानो करारलाई प्रकट गरेको छ ।" पुरानो करार "जरा" हो भने, नयाँ करार "फल" हो ।

आउनुहोस् बाइबलको पहिलो पुस्तक र बाइबलको अन्तिम पुस्तक बिचको केही फरक कुराहरुलाई ध्यान दिऔं :

१) उत्पत्ति स्वर्ग र पृथ्वीको सृष्टिसँगै सुरु हुन्छ भने, प्रकाश नयाँ स्वर्ग र नयाँ पृथ्वीको सृष्टि सँगै अन्त्य हुन्छ ।
२) उत्पत्तिले उज्यालोको आगमन र सूर्य र चन्द्रमाको सृष्टिको वर्णन गर्दछ भने, प्रकाशले तिनीहरुको मानिस प्रतिको सेवा सकिएको कुरा भन्दछ किनभने नयाँ शहरमा (स्वर्गमा), परमेश्वर र थुमा (येशू) उज्यालो हुनुहुनेछ ।
३) उत्पत्तिमा, मानिसले शैतालाई भेट्छ र हार सहन्छ । प्रकाशमा अर्को युध्द लडिन्छ, यस समय, शैतानले हार्दछ र येशूद्वारा मानिस विजयी हुन्छ ।
४) उत्पत्तिमा मानिस अदनको बगैंचाबाट बाहिर निकालिन्छ, जहाँ पहिलो पुरुष र स्त्री बसेका थिए, प्रकाशमा उ परमेश्वरसँग पुनःमिलाप गराईन्छ ।
५) अन्त्यमा, उत्पत्तिले हामीलाई मानिसले कसरी त्यो जीवनको रुखको फल खाने विशेष अधिकार गुमायो भन्ने कुरा बताएको छ जसले गर्दा पाप अविनाशी नबनोस् । प्रकाशमा, पाप विनाश हुनको साथै मानिसलाई जीवनको रुखको फल खान बोलाईएको छ, जसले गर्दा उ सदा सर्वदा बाँचेको होस् ।

हो, यस पुस्तकको एकता अद्‌भुत छ । जब हामी त्यो एकतालाई हेर्दछौं हामी आश्चर्यचकित हुन्छौं र परमेश्वर नै यसको लेखक हुनुहुन्छ भन्ने निष्कर्ष निकाल्दछौं ।

## यसको विषयवस्तु

बाइबलको एकता त्यति बेला मात्र सम्भव हुन्छ जब एउटै मनले यसको विषयसूचीहरु पूरा गर्न रेखदेख गर्दछन् । जबकी कुनै पनि मानव लेखक यो लेख्ने कृयाकलाप गर्न बितेका करिब पन्ध्र शताब्दी भन्दा बढिको समयावधि सम्म बाँच्नै सक्दैन त्यसैले परमेश्वरलाई मात्र उचित रुपले यो पुस्तकको लेखक भन्न सकिन्छ । यही कुरा पत्रुसको मनमा पनि थियो जब उनले भनेका थिए, "पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरुले परमेश्वरको तर्फबाट बोलेका हुन्" (२ पत्रुस १:२१ ख) ।

फेरि, एकता हुनको निम्ति, लेखक मात्र आवश्यक थिएनन्, तर एउटै विषयवस्तु पनि आवश्यक थियो जसले गर्दा सबैलाई एकै ठाउँमा ल्याउन सकिएको होस् । यो पुस्तकको त्यो विषयवस्तु के हो ? यो "मानव जातिको कथा" पनि होइन, यद्यपि मानव जातिले त्यो विषयवस्तुको निम्ति कारण प्रदान गरेको छ । यो "यहुदीहरुको कथा" पनि होइन, यद्यपि त्यो विषयवस्तु प्राप्त गर्न तिनीहरुको

प्रमुख भूमिका छ । यस पुस्तकको त्यो विषयवस्तु "एउटा मानिसको कथा" हो र त्यो एउटा मानिस - येशू खीष्ट हुनुहुन्छ ।

बाइबल आउनलाग्नुएको एक जनाको वरिपरी घुमेको छ भन्दा ठीक भनिएको हुन्छ । पुरानो करारको सन्देश नै "उहाँ आउँदै हुनुहुन्छ" भन्ने छ । सुसमाचारका लेखहरुको सन्देश "उहाँ यहाँ हुनुहुन्छ" भन्ने हो । बाँकी रहेको नयाँ करारको सन्देश "उहाँ फेरि आउँदै हुनुहुन्छ" भन्ने छ ।

बाइबलका प्रत्येक पुस्तकको यसले येशूलाई कसरी प्रकट गर्दछ भन्ने दृष्टिकोण राखी एक चाखलाग्दो अध्ययन गर्न सकिन्छ । "येशू उत्पत्तिमा", "येशू प्रस्थानमा", "येशू लेवीमा", र त्यस्तै अरु पुस्तकहरु लेख्न सकिन्छ । उदाहरणको निम्ति :

येशू उत्पत्ति १ मा, "सबै थोक उहाँद्वारा बनिए" (यूहन्ना १:३ क) ।

येशू उत्पत्ति ३ मा हुनुहुन्छ, किनभने उहाँ पछि "उनको (स्त्रीको) सन्तान" हुँदै हुन्थ्यो र शैतानको शिर कुच्याउँदै हुनुहुन्थ्यो (उत्पत्ति ३:१५, गलाती ३:१६) ।

येशू उत्पत्ति ४ मा जब उहाँ हाबेलको भेडाको पाठोको बलिदानमा प्रकट गरिनु भयो (हेर्नुहोस् हिब्रू १२:२४) ।

येशू उत्पत्ति ६ मा पनि, किनभने त्यो जहाजमा भएको मुक्ति उहाँमा र उहाँद्वारा पाउन सकिने मुक्तिको प्रतिक (संकेत) थियो । हामी अझबढि अघि जान सक्दछौं ।

यो त्यसोभए, त्यो विषयवस्तु हो जसले वचनलाई त्यो अद्भुत एकता प्रदान गर्दछ : येशू खीष्ट, येशू - उध्दारकर्ता जो आउँदै हुनुहुन्थ्यो, मुक्तिदाता जो आउनुभयो र त्यो राजा जो फेरि आउनु हुनेछ - उहाँले छैसट्ठी पुस्तकहरुको वचनहरुलाई एउटा एकिकृत दस्तावेजको रुपमा जोड्नु हुन्छ ।

## यसको प्रभाव

पृथ्वीको पुस्तकालयमा भएका सबै लेखहरु मध्ये, बाइबलले मानवजातिमा सबैभन्दा बढि प्रभाव पारेको छ । इतिहासको धारालाई परिवर्तन गरेको छ, साम्राज्यहरु स्थापित गरेको छ, विजेताहरु र राजाहरुलाई हताश पारेको छ । जसले यसका आज्ञाहरु पालन गरेका छन् तिनीहरुका निम्ति यसले आशिषहरु र सफलताहरु ल्याएको छ र यसले तिनीहरुलाई मृत्यु र विनाश ल्याएको छ जसले यसको विरुध्दमा लडाई गरेका छन् । बाइबलको शक्ति धेरै र विभिन्न प्रकारका छन्, तर आउनुहोस् हामी यसको जीवन परिवर्तन गर्ने र मानिसहरुलाई उच्च बनाउने शक्तिलाई विशेष रुपमा ध्यान दिऔं ।

धेरै वर्ष अघि, एउटा टापूहरुको समूहमा त्यहाँ एक जंगली जातिको बसोबास थियो । जुलियस सिजरको सेनाको अभिलेखमा त्यस दिनहरुको सजिव चित्रण गर्दै वर्णन गरिएको छ जब यी क्रुर मानिसहरु नांगै युध्दमा गए र उनीहरुले एउटा खाली खप्परमा मरेको शत्रुहरुको रगत भरेर पिउँदै विजय उत्सव मनाए । त्यस बेला ड्रइड्सको वेदीहरुमा, मानव बलि चढाउनु भनेको सामान्य कुरा थियो । त्यस पछि त्यहाँ केही कुरा भयो । धर्म प्रचारकहरुले उनीहरुको जीवनको जोखिम उठाएर यी जंगली जातिहरु कहाँ परमेश्वको वचन लगे, र ती जातिहरुले त्यसलाई स्वीकार गरे । केही समय पछि, यी मानिसहरु यस संसारको एक महान साम्राज्यको शासकहरु मध्ये एक भए ।

जहाँ-जहाँ बाइबल गयो, मानव जाति झन् असल बनेको छ । बाइबल स्वयम्मा पनि जीवन परिवर्तन भएका असंख्य कथाहरु भरिएका छन् । एक बेइमान कर उठाउने इमानदार र दानी भएको छ

(लूका १९:१-९) । एक हत्या गर्ने ईश्वर निन्दक एक महान प्रेरितमा विकसित भएको छ (प्रेरित ७:५८, ८:१, ३, २२:४-२१) । यस्ता अरु धेरै उदाहरणहरु दिन सकिन्छ ।

परमेश्वरले बाइबलको शक्तिद्वारा अरुहरुको निम्ति जे गर्नुभएको छ, उहाँले त्यो तपाईको जीवनमा पनि गर्न सक्नुहुन्छ । यदि तपाईले उहाँको वचन पढ्नु र जीउनु हुन्छ भने, उहाँले तपाईलाई उहाँको पुत्र, येशू खीष्टको स्वरुपमा परिवर्तन गर्नु हुनेछ ।

**यसको सान्त्वना**

मानिसलाई अरु सबै क्षेत्रमा सेवा दिए जस्तै, सान्त्वना प्रदान गर्नमा बाइबल अद्वितीय, अपूर्व र अतुलनीय छ । मानिसलाई मृत्यु भन्दा पर देख्न सक्षम बनाउने यो जस्तो भरोसायोग्य ज्योति न कुनै अर्को थियो न हुन सक्नेछ । यो धर्मशास्त्रले पाठकहरुलाई उनको आफ्नै अनन्तताको आशा र भरोसा प्रस्ताव गर्दछ र जब मृत्युले उनको कुनै नजिकको मायालुलाई लिएर जान्छ यसले उनको हृदयमा सान्त्वना प्रदान गर्दछ ।

मृत्यु एक शत्रु हो । मानिसले रचेको सबै काव्य र दर्शनले यस निष्ठूर र अन्धकार तथ्यलाई कहिल्यै परिवर्तन गर्न सक्दैन । निश्चय नै, खीष्टियानहरुको निम्ति पनि, यो एक शत्रु हो जसको हार पूर्व-निश्चित गरिएको छ । खीष्टको शक्तिद्वारा मृत्यु उध्दार पाएकाहरुलाई प्रभुको उपस्थितिमा पुऱ्याउने ढोकेको रुपमा सेवा गर्न बाध्य पारिने छ । त्यसो भएता पनि यो एक शत्रु नै रहनेछ । यो शत्रु महल र झुपडीमा समान रुपले पस्दछ । यसले पतिलाई उनको पत्नीबाट अलग गर्छ । यसले सानो बालबालिकालाई उनीहरुको आमाको हातबाट खोस्छ । यसले मधुर आनन्दलाई अघोर दुःखमा परिवर्तन गर्दछ ।

जब कुनै एक आफन्तको मृत्यु हुन्छ, मानिसहरु अनुरोध गर्दै भन्नेछन्, “केही वचनहरु बोल्नुहोस्, जसले हामीलाई सान्त्वना देओस् ।” त्यस्ता वचनहरु कहाँबाट आउँछन् ? साहित्यबाट ? एक कविबाट ? एक दार्शनिकबाट ? तपाईका सबै महान पुसतकहरु खोजी गर्नुहोस् र तपाईले मरणशील मानिसले लेखेको एक हरफ पाउनु हुने छैन जसले तपाईको घरमा मृत्युले प्रहार गर्दा स्थायी सान्त्वना प्रदान गर्न सकोस् । एउटै श्रोत बाइबलले मात्र शक्ति र सान्त्वनाको वचनहरु उपलब्ध गराउँदछ । परमेश्वरुको पुस्तकबाट तपाईले यस प्रकरका वचनहरु पढ्न सक्नुहुन्छ :

> मृत्युको अन्धकारमय घाटी भएर जानु परे तापनि,
> म कुनै खतरादेखि डराउने छैन, किनकी तपाई मेरो
> साथमा हुनुहुन्छ, तपाईको लठ्ठी र तपाईको लहुरोले
> मलाई सान्त्वना दिन्छन् (भजनसंग्रह २३:४) ।
>
> वास्तवमा खीष्ट मृतकबाट जीवित हुनुभएको छ ।
> सुतिजानेहरुमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ ।
> ... जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व
> धारण गर्छ, तब लेखिएको त्यो वचन पुरा हुनेछ, “मृत्यु
> विजयमा निलिएको छ” (१ कोरिन्थी १५:२०-५४) ।
>
> तब हामी बाँचिरहेका र छोडिएकाहरु प्रभुलाई आकाशमा
> भेट्न तिनीहरुका साथसाथै बादलमा उठाइलगिने छौं,
> र यसरी हामी सधैं प्रभुसँग रहने छौं । यसैकारण एउटाले
> अर्कालाई यी वचनहरुले सान्त्वना देओ (१ थेसलोनिकी ४:१६, १८) ।

उहाँले तिनीहरुका आँखाको आँसु पूर्णरुपले पुछिदिनुहुनेछ,
र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुने छैन ।
किनकी पहिलेका कुराहरु बितिसकेका छन् (प्रकाश २१:४) ।

युगौंयुगदेखि, यी वचनहरुले र बाइबलमा भएका अरु यस्तै वचनहरुले आँसुहरु पुछेका छन्, आशा दिलाएका छन्, र वास्तवमै करोडौंलाई सान्त्वना दिएका छन् । वास्तवमा, यो एक अद्भुत पुस्तक हो ।

## निष्कर्ष

हामीले बाइबलका सात आश्चर्यहरुलाई विचार गऱ्यौं, यो पुरानो पुस्तक हो, तर सधैं नयाँ रहन्छ । यो विविधतापूर्ण, तर यसमा पूर्ण एकता छ - येशूमा केन्द्रित एकता । यो यसको प्रभावमा शक्तिशाली छ, तर यसको सान्त्वनामा कोमल छ । बाइबल परमेश्वरको प्रेरणा-प्राप्त वचन हो, यसको अर्को कुनै यथेष्ट व्याख्या छैन ।

## अभ्यास प्रश्नहरु

१. २ तिमोथ ३:१६ मा प्रयोग भए अनुसार "परमेश्वरबाट प्रेरणा प्राप्त" को अर्थ के हो ?
२. रोमी सम्राट डाइक्लोसियनले बाइबल र यसको सन्देशलाई विनाश गर्ने प्रयास गऱ्यो । के ऊ सफल हुन सक्यो ?
३. लेवी १३:४५ ले कसरी बाइबलको प्रासंगिकतालाई प्रकट गर्दछ ?
४. बाइबलभित्र भएको भिन्नताहरुले कसरी यो परमेश्वरबाट आएको हो भनी प्रमाणित गर्दछ ?
५. बाइबलको मूल विषयवस्तु के हो ?
६. पृथ्वीको पुस्तकालयहरुमा भएका पुस्तकहरु मध्ये, कुन पुस्तकले बृहत रुपमा अति नै प्रभाव पारेको छ ?
७. पाठकहरुलाई बाइबलले कस्तो सान्त्वना प्रदान गर्दछ ?
८. यो परमेश्वरको प्रेरणा प्राप्त वचन हो भनी प्रमाणित गर्ने सात आश्चर्यहरुको सूची तयार पार्नुहोस् ।